# इन्डो-नेपाल किराँती भाषाहरु

## विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरु






लाल-श्याँकारेलु रापचा

साथमा

वाग-आयाम्बानी यालुङ्ङ्म

अमर तुम्याहाङ

# इन्डो-नेपाल किराँती भाषाहरु

## विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरु

(२००८)

## यो पुस्तक पढ्दा निम्न जटिल प्रश्नहरुको उत्तर मिल्दछ

- नेपालमा किराँती भाषाहरुको संख्या कति र केका आधारमा ?
- किराँती र किराँत लेख्दा चन्द्रविन्दु किन ?
- राजनैतिक हिसावले मुखिया (सुनुवार), राई, सुब्बा (लिम्बू), देवान, जिमी भनेको के हो ?
- उनीहरु एउटै वा फरक जाति हुन् ?
- भाषिक दृष्टिकोणले उनीहरु को को हुन् ?
- किराँती भाषाहरुको पनि साहित्य हुन्छ र ?
- हुन्छ भने कति लेखिएको छ त ?
- किराँती भाषाहरुमा पनि साहित्यकारहरु छन् र ?
- छन् भने ती अदृश्य साहित्यकारहरु को को हुन् त ?
- किराँती भाषाहरुको साझा लिपि सिरिजंगा लिपि हुन सक्छ ?
- यी भाषाहरु वीच के कस्तो समानताहरु पाइन्छन् ?
- यी भाषा सम्प्रदायहरु वीच तुलनाका आधारहरु के के हुन सक्छन् ?
- भाषाले इतिहास, समाज-मानवशास्त्र र सँस्कृति आदिको अध्ययनमा कस्तो योगदान गर्दछ ?
- मङगोलोइड स्टकका जातिहरुहरुमा किराँती भनेका को को हुन् ?
- के सुरेल र सोताङ छुट्टै भाषा सम्प्रदाय हुन् ?
- बाकुलोचाना आन्दोलन भनेको के हो र यो आन्दोलनको मर्म के हो ?
- के यो आन्दोलनको औचित्य छ र आइएलओ १६९ अक्षरशः पालना हुन सक्ला ?
- जाति पहिचानको नाममा नेपालमा कस्तो खाले राजनीति भई रहेको छ ?
- नेपालमा किराँती भाषाहरुको विगत कस्तो थियो ?
- वर्तमान परिवेश कस्तो छ ?
- भोलि कस्तो हुन्छ होला ?
- समानता र सामाजिक न्यायको हिसावले के यी भाषाहरुको संरक्षण र सम्वर्द्धन सम्भव छ ?
- त्यसो हो भने नयाँ नेपालमा कस्तो खाले भाषिक नीति र योजना चाहिन्छ होला ?
- भाषा संरक्षण र सम्वर्द्धनमा आदिवासी जनजातिहरुको आवाज के हो ?

*आदि जटिल भन्दा पनि जटिल प्रश्नहरुको उत्तर यो पुस्तक भरि नै पाउन सकिने भएकोले पढ्ने मौका नचुकाउनु होला*

सम्पर्क

समला बाडाछा, वीए (जर्नालिज्म-अङग्रेजी साहित्य) @ 9803266323 or 4253048

**e-mail: mathatol@gmail.com** or **khusiya@hotmail.com**

इन्डो-नेपाल किरांती भाषाहरू
विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरु

रापचा
यालुङ्छा
तुम्याहाङ



यो अध्ययनले मूलतः पूर्वी नेपालमा बोलिने किराँती भाषाहरुको प्राग-ऐतिहासिक वा अन्ध युग (ई.१८४७ वा १८५० तिर/केही अगाडि) देखि आजसम्म के कति अध्ययन र साहित्यको सृजना भयो भनी ऐतिहासिक सर्वेक्षण गर्ने कार्य गरेको छ। पश्चिमा इतिहासकार र भाषाशास्त्रीहरु विलियम कर्कप्याट्रिक, फ्रान्सिस ह्यामिल्टन, ब्रियन हड्सन, एनए ओल्डफिल्ड, ड्यानियल राइट, पर्सिवल ल्यान्डन, सिल्भाँ लेभी आदिले लेखेको प्राचीन, मध्यकालीन र आधुनिक नेपालको इतिहासको सेरोफेरोमा किराँती भाषाहरु र साहित्यको खोजी के, कति र कुन रुपमा भएको छ भनी ऐतिहासिक रुपमा ऐतिहासिक कथनको चिर्फोचर्चा, खोजतलास र लेखाजोखा गर्दै चिनारी दिने प्रयास गरेको छ।

यस बाहेक ऐतिहासिक-तुलनात्मक र केही हदसम्म लिङ्ग्विस्टिक प्यालेओन्टोलोजिकल (linguistic paleontological) अध्ययनलाई पनि समावेश गरेको छ। यसले "एक जाति किराँती बहुभाषा बहु-संस्कृति" को भाषा, वर्गीकरण, संस्कृति, इतिहास र भूगोल कसरी कुन कुन काल-खण्डहरुमा चिराचिरा पारी टुक्राइयो र परी टुक्रिए त भनी ठम्याएको छ। आफूले आफ्नै अनुहार ऐनामा हेर्ने कार्य गरेको छ। समावेशी र लोकतान्त्रिक धार पनि पक्रेको छ। नयाँ नेपाल र युगसँगै हाम्रा नयाँ प्रस्थान विन्दुहरुको शुरुआत पनि छ। अनि किराँती गोर्खे छाती यो कथित एक्काइसौं शताब्दीमा पनि पराइ हातहरुले नापी नै रहेको सन्दर्भमा उनीहरुको चिनारी, भाषा, साहित्य, संस्कृति, इतिहास, मानव-समाजशास्त्र आदिको उचाइ, लम्बाइ र चौडाइ वा गहिराइ कति छ त भनी आफैले आफूलाई नापजाँच गरेको छ। साथै यस अध्ययनले ओल्लो, माझ र पल्लो किरात क्षेत्र गरी तीनै किरात इलाकाको भाषिक सम्प्रदायहरु बीच भाषिक, साँस्कृतिक, साहित्यिक, ऐतिहासिक, मानवशास्त्रीय र समाजशास्त्रीय आदि क्षेत्रमा एक अर्का बीचका भाषिक, साहित्यिक, ऐतिहासिक, मानवशास्त्रीय र समाजशास्त्रीय समानताका कथनहरुलाई केस्रा केस्रा पारी केलाउने र तुलना गर्ने प्रयत्न गरेको छ र अब तो अध्ययन क्षेत्रतिर पनि लाग्नु पर्ने आवश्यकता र महत्वलाई औंल्याएको छ। नयाँ नेपालमा किराँती अल्पसंख्यक भाषाहरुको संरक्षण र सम्वर्द्धन समेतकालागि भाषानीति र योजनाको प्रारुप पनि कोरेको छ।

**लाल-श्याकारेलु रापचा** युनिभर्सिटी अफ लाइपजिग, जेरमनी (जर्मनी) मा हुम्बोल्ट जोएफ पोस्ट-डक रिसर्च फेलो छन्। उनी रिसर्च इन्स्टिच्युट फर किरांतोलोजी (किराँतविज्ञान अध्ययन संस्थान), काठमाडौं, नेपालका संस्थापक तथा निर्देशक पनि हुन् र ओल्लो किराँतको किराँती-कोँइच भाषामा समेत साहित्य सृजना गर्दछन्।

**बाम-आत्मप्यारी यालुङ्छा** रिसर्च इन्स्टिच्युट फर किरांतोलोजीमा रिसर्च एसोसिएट हुन् र उनी माझ किराँतको किराँती-रोदुङ भाषावैज्ञानिक अनुसन्धान र साहित्य समेत सृजना गर्छिन्।

**अमर तुम्याहाङ** त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस धनकुटामा अध्यापन गराउनुको साथै किराँती-याक्थुङ पाठ्यपुस्तक लेखन कार्य गर्दछन्। उनी पल्लो किराँतको किराँती-याक्थुङ भाषाको प्रथम महाकाव्यकार र गोरखापत्र दैनिकको किराँती-याक्थुङको पृष्ठसंयोजक पनि हुन्।

मूल्य रु ५००.
Price £ 30.
$ 40.
€ 35.

9 789937 209946